सरुमारानी गाउँपालिका

☎ ९८५७८३६०२२

गाउँ कार्यपालिकाको कार्यालय

२ बिर्तेचौडाँडा, झापा
५ नं. प्रदेश, नेपाल

प.स : ०७५।०७६
च.नं.:

बिज्ञापन सम्वन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति : २०७५।६।४

यस कार्यालय अन्तरगत सञ्चालन हुने बर्थिङ सेन्टर र सामुदायिक स्वास्थ्य इकाइ सञ्चालनका लागि तपसिलमा उल्लेखित पदहरु सेवा करारद्वारा पूर्ति गर्नु पर्ने भएकोले योग्य तथा इच्छुक उम्मेदवारबाट दरखास्त दिन आव्हान गरिन्छ ।

विज्ञापन नं.	पद	सेवा,समूह	आवश्यक पद संख्या
१/०७५/०७६	अ.न.मि.	स्वास्थ्य, नर्सिङ	५ (पाँच)
२/०७५/०७६	अ.हे.व.	स्वास्थ्य, हेल्थ इन्स्पेक्सन	२ (दुई)
३/०७५/०७६	कार्यालय सहयोगी	प्रशासन, सा.प्र.	२ (दुई)

करार अवधि : **नेपाल सरकार वा प्रदेश सरकारवाट वा अन्य बैकल्पिक व्यवस्था भए स्वतः हट्ने गरी बढीमा २०७६ असार मसान्त सम्म ।** कार्यक्रममा बजेटको व्यवस्था भएमा र काम सन्तोषजनक भएमा करार सेवालाई निरन्तरता दिन सकिने ।

छनौटका आधार : विशेष ग्राह्यता (पूर्णांक ३०), लिखित परीक्षा (पूर्णांक ५०) र अन्तरवार्ता (पूर्णांक २०) ।

परीक्षाको किसिम : **लिखित र अन्तरवार्ता ।**

लिखित परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराइनेछ ।

सम्पर्क मिति : दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट ।

दरखास्त दिने अन्तिम मिति : २०७५।६।४ देखि २०७५।६।१८ सम्म ।

उमेर : दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भै ४० वर्ष नन्नाघेका ।

परीक्षा दस्तुर : **अ.न.मि. र अ.हे.व.को लागि रु.३००।० तथा कार्यालय सहयोगीको लागि रु.१००।०**

विषय वस्तु : लोक सेवा आयोगले सम्वन्धित पदका लागि निर्धारण गरेको पाठ्यक्रमलाई आधार लिइने छ ।

आवश्यक न्यूनतम योग्यता :

क) अ.न.मि.को लागि मान्यता प्राप्त शिक्षण संस्थावाट अ.न.मी.कोर्ष वा सो सरह उत्तीर्ण गरी सम्वन्धित परिषदमा दर्ता तथा नवीकरण भएको ।

ख) अ.हे.व.को लागि मान्यता प्राप्त शिक्षण संस्थावाट सी.एम.ए.वा सो सरह उत्तीर्ण गरी सम्वन्धित परिषदमा दर्ता तथा नवीकरण भएको ।

ग) कार्यालय सहयोगीको लागि आठ कक्षा उत्तीर्ण भएको ।

दरखास्त साथ संलग्न गर्नु पर्ने कागजातहरु

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
२. शैक्षिक योग्यताको लब्धांकपत्र र चारित्रिक प्रमाण पत्रको प्रतिलिपि ।
३. स्थायी बसोबासको सिफारिश पत्र ।
४. कार्यालयमा परीक्षा दस्तुर बुझाएको नगदी रसिद सक्कलै प्रति ।
५. सम्वन्धित व्यवसायी परिषदमा दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
६. अनुभवको प्रमाण पत्रको प्रतिलिपि ।
७. तालिमको प्रमाण पत्रको प्रतिलिपि ।
८. हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो टाँसेको दरखास्त फाराम (दरखास्त फाराम सरुमारानी गाउँपालिकाको web site www.sarumaranimun.gov.np बाट डाउनलोड गरी वा गाउँपालिकाको सूचना प्रविधि शाखामा सम्पर्क राखी निशुल्क रुपमा प्राप्त गर्न सकिनेछ) अन्य कुरा बुझ्नु परेमा कार्यालयमा वा मो.नं. ९८५७८३६०२२ मा बुझ्न सकिने

बिरेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत
एवं संयोजक, छनौट समिति
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner